बैठक संख्या ५८

आज मिति २०८३ साल असार १ गते सोमबार विहान ११.०० वजे मन्थली नगरपालिका नगरकार्यपालिकाको ५८ औं बैठक नगरप्रमुख श्री लव श्रेष्ठको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लव श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री इश्वरी बस्नेत | उप प्रमुख | |
| ३ | श्री गोपाल श्रेष्ठ | प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ८ | |
| ४ | श्री होम प्रसाद पौडेल | १ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुरेन्द्र बहादुर कार्की | २ नं. वडा अध्यक्ष | |
| ६ | श्री कृष्ण गोपाल थापा | ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री राजन घिमिरे | ४ नं. वडा अध्यक्ष | |
| ८ | श्री रविन कार्की | ५ नं. वडा अध्यक्ष | |
| ९ | श्री अशोक तामाङ्ग | ६ नं. वडा अध्यक्ष | |
| १० | श्री भुवनहरी प्रसाई | ७ नं. वडा अध्यक्ष | |
| ११ | श्री गोकर्णराज आरण | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री गोपिलाल तामाङ्ग | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री भिम वहादुर थापामगर | ११ नं. वडा अध्यक्ष | |
| १४ | श्री खिलेन्द्र वहादुर खत्री | १२ नं. वडा अध्यक्ष | |
| १५ | श्री नवराज थापा मगर | १३ नं. वडा अध्यक्ष | |
| १६ | श्री मोतिलाल तामाङ्ग | १४ नं. वडा अध्यक्ष | |
| १७ | श्री उद्धव रस्तेल | कार्यपालिका सदस्य | |
| १८ | श्री गणेश वहादुर माझी | कार्यपालिका सदस्य | |
| १९ | श्री कुमारी सार्की | कार्यपालिका सदस्य | |
| २० | श्री मुना सार्की | कार्यपालिका सदस्य | मुना |
| २१ | श्री उर्मिला वुढाथोकी | कार्यपालिका सदस्य | उर्मिला |
| २२ | श्री राधा कार्की | कार्यपालिका सदस्य | राधा |
| २३ | श्री मान वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २४ | श्री मनुका कामी | कार्यपालिका सदस्य | |
| २५ | श्री देवर्षि सापकोटा (प्र.प्र.अ.) | सचिव | |

आमन्त्रित उपस्थिती

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

**मिति २०८३ साल असार १ गते सोमबार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ५८ औं बैठकका निर्णयहरु**

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५७ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको आगामी नगर सभा यही मिति २०८३ साल असार ८ गते सोमवार मन्थली नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८३/८४ को प्रस्तावित नीति र कार्यक्रमको मस्यौदा अध्ययन गरी आगामी असार ५ गते बस्ने कार्यपालिकाको ५९ औं वैठकमा सुझाव सहित पेश गर्ने।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको प्रस्तावित आर्थिक विधेयक २०८३ मा देहाय बमोजिमको संशोधन समेटी सम्बन्धित विषयगत समितिमा पेश गर्ने।

**सेवा शुल्क**

| क्र.सं. | विवरण | | प्रस्तावित दररेट रु |
|---|---|---|---|
| १ | संघ तथा प्रदेश बजेट माग सिफारिस | | १०० |
| २ | संघ तथा प्रदेशका योजना उपभोक्ता समिति गठन दर्ता/सिफारिस | दश लाख रुपैया सम्म | २००० |
| | | दश लाखदेखि पच्चिस लाख सम्म | ३००० |
| | | पच्चिस लाखदेखि माथि | ५००० |
| 3 | योजना खाता खोल्ने / खाता बन्द/ भुक्तानी गर्ने सिफारिस | | १०० |
| ४ | जग्गा वार्गिकरण सिफारिस | | निःशुल्क |
| ५ | वडा सर्जमिन मुचुल्का अन्यप्रमाणित शुल्क | | ५०० |
| ६ | वडा सर्जमिन मुचुल्का भवितव्य दुर्घटना विपद प्रमाणित शुल्क | | निःशुल्क |
| ७ | विपन्न नागरिक/ आर्थिक सहयोग /आर्थिक अबस्था कमजोर सिफारिस | | निःशुल्क |
| ८ | औषधी उपचार लागि विपन्न नागरिक सिफारिस | | निःशुल्क |
| ९ | छात्रवृत्ती सिफारिस | | १०० |
| १० | कारोवार आधारमा सम्झौता प्रमाणित शुल्क | | कारोबार अङ्कको १ प्रतिशत |
| ११ | सा.सु भत्ता सिफारिस सेवा शुल्कमा | | निःशुल्क |

निकासी कर

१. बोधीचित्त जाति

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | बोधीचित्त | सम्झौतामा उल्लेखित रकमको १० प्रतिशत | लिखत सम्झौता वडाबाट अनिवार्य रुपमा प्रमाणिकरण हुनुपर्ने अन्यथा निकासी अनुमति नहुने |
| २. | बोधीचित्त (थप गर्नु पर्ने) | बोटधनी आफैले लगेर बिक्री गर्ने भएता पनि बिक्री गर्ने पक्षसँग अनिवार्य रुपमा सम्झौता गर्न लगाई सो सम्झौताको १० प्रतिशत | स्वयम् बोधीचित्त धनि / मालिकले बिक्रि गर्दा<br>जिल्ला बाहिर लैजादा वडाबाट अनिवार्य रुपमा प्रमाणिकरण हुनुपर्ने अन्यथा निकासी अनुमति नहुने |

**निर्णय नं. ५**

नगर अस्पताल सञ्चालन र व्यवस्थापन ऐन२०८१  संशोधन विधेयक २०८३ मा देहाय बमोजिम संशोधन गर्ने संशोधन प्रस्ताव पारित गरी आगामी नगर सभामा पेश गर्ने।

| सि.नं. | हालको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|---|
| १ | दफा ५.१ मा अस्पताल सञ्चालन समिति | • सञ्चालन समितिमा स्वास्थ्य क्षेत्रमा क्रियाशिल व्यक्ति वा संस्थाको पदाधिकारी वा कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले मनोनयन गरेको १ पुरुष र १ महिला समेत गरी २ सदस्य थप गर्ने।<br>• सामाजिक विकास समितिको संयोजक सदस्य थपे गर्ने। |
| २ | दफा १० को (ग) अस्पताल निर्देशकको लागि स्नाकोत्तर गरी कम्तीमा ३ वर्षको कार्यानुभव आवश्यक | यो दफा हटाउने |
| ३ | दफा १३.१ | दफा १३.३ थप गरी पदेन सदस्यको पदावधि पद रहुन्जेल कायम हुने<br>अन्यको पदाविधि ४ वर्षको हुने |

**निर्णय नं. ६**

घ्याप्चेको पहिरो र वाढीका कारण वर्षेनी रणजोर खोलाको सतह उक्सदै गई सो आसपासका बस्ती तथा खेतीयोग्य जमिनका साथै मन्थली घाटको झोलुङ्गे पुल र खानेपानी एवं सिंचाईका इनार लगायतका

संरचनामा समेत असर पुर्याएकाले सो को न्यूनिकरणका लागि नगर विपद व्यवस्थापन समितिको निर्णय सहितको सिफारिसको आधारमा जिल्ला विपद व्यवस्थापन समितिबाट गठित प्राविधिक समितिको प्रतिवेदन कार्यान्वयन गर्ने गरी गत आवमा रणजोर खोलाको ढुंगा असार, साउन र भदौ महिनामा समेत सङ्कलन गरी निकासी गर्न सकिने निर्णय भएकोमा सो निर्णयको २०८३ असार, साउन र भदौमा महिनामा समेत कार्यान्वयन गराउन जिल्ला विपद व्यवस्थापन समितिमा अनुरोध गर्ने।

**निर्णय नं. ७**

मन्थली नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यस कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठ पोषण समेत प्रदान गर्ने।

२०८२/०४/०१